आ.व. २०७५/०७६ को सत्रौं बैठक

आज मिति **२०७५ साल फागुण १० गते शुक्रवार विहान ८ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१- श्री श्यामलाल पोखरेल १नं वडा वडाध्यक्ष

२. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

३. श्री रेशमराज अधिकारी स.ले.पा.

**प्रस्तावहरु :**

१. प्रगन्ना तथा बडकापथ सिंचाई आयोजना लमहीको च.नं.३०१ मिति २०७५/११/०८ को पत्रानुसार गिट्टी बालुवा उत्खनन् कार्य सम्वन्धमा ।

२. ने.रा.मा.वि.को ICT माग सम्वन्धमा ।

३. नदीजन्य पदार्थको उत्खनन् स्थलमा सुपरभाईजर राख्ने सम्वन्धमा ।

४. राप्ती र गढवा गाउँपालिकाको सिमा सम्वन्धमा ।

५. गाउँपालिकाको प्रशासनीक भवन र वडा कार्यालयहरुको कार्यालय भवनको DPR गर्ने सम्वन्धमा ।

६. जिल्ला समन्वय समितिबाट स्वीकृत नदीजन्य पदार्थ उत्खनने र ओसारपसार सम्वन्धी कार्यविधि,२०७५ सम्वन्धमा ।

७. Bio Sandfill filter को सम्वन्धमा ।

८. योजनाको भुक्तानी सम्वन्धमा ।

९. पदस्थापन गरिएका शिक्षकहरुको तलव भत्ता सम्वन्धमा ।

१०. पर्यटन गुरुयोजनाको भुक्तानी सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना लमही, दाङको च.नं.३०१ मिति २०७५/११/०८ पत्र प्राप्त भई कार्यपालिकाको ध्यानाकर्षण भयो नदीजन्य पदार्थको उत्खनन् कार्यको गाउँपालिकाबाट पटक पटक अनुगमन गर्ने कार्य भैरहेको छ । तथापी यस राप्ती गाउँपालिकाबाट नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का लागाएको स्थानहरुमा नदीजन्य पदार्थको उत्खनन् गर्दा प्रगन्न कुलो सिंइ प्रणालीको इन्टेक नं.-१, २ र ३ को सिंचाई प्रणालीको प्राकृतिक बहावमा कुनै असर पर्ने तथा IEE प्रतिवेदनमा तोकिएको गहिराई भन्दा बढी नहुनेगरी उत्खनन् कार्य गर्नको लागि सम्वन्धित ठेकेदार श्री आचार्य बिल्डर्स प्रा.लि.बाग्लुङलाई ध्यानाकर्षणको लागि पत्राचार गर्ने र भानपुर मझेरीया कुलोपानी प्रगन्ना सिंचाई प्रणाली जल उपभोक्ता मुल समितिको माग अनुसार इन्टेक नं.-३ देखि इन्टेक नं.-२ सम्मको कुलो सफाइको काम गर्दा निस्कने नदीजन्य पदार्थलाई प्रतिस्पर्धाका आधारमा बिक्री गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा ने.रा.मा.वि.को ICT माग सम्वन्धमा सम्वन्धित शाखालाई मामदण्ड तयार गर्न लागाई प्रतिवेदन पेश गर्न निर्देशन दिने र प्राप्त प्रतिवेदनका आधारमा ICT को अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाले नदीजन्य पदार्थको ठेक्का लगायको स्थानहरुमा ठेकदारको उत्खनन् कार्यलाई निगरानी गर्नको लागि दैनिक रु. ६००।- (अक्षेरुपी छ सय रुपैयाँ) पारिश्रमिक उपलव्ध गराउने गरी राप्ती गाउँपालिका वडा नं.-३ का तुला गिरी र ऐ.वडा नं.-२ का चेतनाथ चौधरीलाई सुपरभाईजरको रुपमा खटाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका र गढवा गाउँपालिकाको सिमाना सम्वन्धमा विवाद उत्पन्न भई नदीजन्य पदार्थ उत्खनन् कार्यमा अवरोध श्रृजना भएकाले पटक पटकको छलफलबाट स्थानीय पुनरसंरचना आयोगले निर्धारण गरे वमोजिम सिमा कायम रहने गरी हाललाई मझेरिया इन्टेक नजिकको बगर क्षेत्रको नदीजन्य पदार्थको उत्खनन् गरी नियमानुसार बिक्री गर्न गढवा गाउँपालिकालाई IEE प्रतिवेदन समेत संलग्न गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको प्रशासनीक भवन र वडा कार्यालयहरुको कार्यालय भवनहरुको DPR को लागि तत्काल संझौता कार्य अगाडी बढाउने र सो कार्यको लागि सम्वन्धित वडाहरुले आवश्यक जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राप्ती नदीमा ठेक्काद्वारा भई रहेको नदीजन्य पदार्थ उत्खनन् कार्यलाई थप अनुशाशीत र व्यवस्थि गर्न जिल्ला समन्वय समिति दाङले तयार गरेको नदीजन्यपदार्थ उत्खनन् र ओसारपसार सम्वन्धी कार्यविधि,२०७५ वमोजिमको कार्य तत्काल प्रारम्भ गर्ने गरी देहाय वमोजिमाकोपालिका स्तरीय अनुमन तथा समन्वय समिति गठन गरी तोकिए वमोजिमको जिम्मेवारी निर्वाह गर्ने निर्णय गरियो

**समितिमा रहने पदाधिकारीहरु :-**

राप्ती गाउँपालिका अध्यक्ष श्री नुमानन्द सुवेदी- अध्यक्ष

राप्ती गाउँपालिका उपाध्यक्ष श्री जगदम्वा कुमारी चौधरी- उपाध्यक्ष

सम्वन्धित पालिकामा बसोबास गर्ने जिल्ला समन्वय समितिका सदस्य- सदस्य

प्रवक्ता श्री विद्याशरण चौधरी- सदस्य

नदीजन्य पदार्थ उत्खनन् हुने वडाको वडा अध्यक्ष श्री तारा बहादुर डि.सी.- सदस्य

नदीजन्य पदार्थ उत्खनन् हुने वडाको वडा अध्यक्ष श्री जगत बहादुर थापा.- सदस्य

नदीजन्य पदार्थ उत्खनन् हुने वडाको वडा अध्यक्ष श्री चन्दर चौधरी.- सदस्य

नदीजन्य पदार्थ उत्खनन् हुने वडाको वडा अध्यक्ष श्री बेद प्रसाद चौधरी.- सदस्य

ईलाका प्रहरी भालुवाङका प्रमुख- सदस्य

सशस्त्र प्रहरी बल भालुवाङका प्रमुख- सदस्य

जिल्ला प्रशासन कार्यालयले तोकेको प्रशासकीय अधिकृत वा ईलाका प्रशासन कार्यालयको प्रमुख- सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री जगत प्रसाद भुसाल- सदस्य

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको आ.व.०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार ५०% अनुदानमा Bio Sandfill Filter उपलब्ध गराउनको लागि टेन्डरको सूचना प्रकाशन गर्ने र लागत सहभागिता रकम उपभोक्ताले उठाउनु पर्ने भएको हुँदा उक्त ५०% रकम गाउँपालिकाको बैंक खातामा १५ दिनभित्र जम्मा निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस गाउँपालिका तथा वडाहरुमा कार्यरत कर्मचारीहरुको हाल संमायोजन भई सकेको र संमायोजन गरिएको कार्यालयमा तोकिएको समयमा कर्मचारीहरु हाजिर हुन जानुपर्ने कानूनी बाध्यता रहेको कारण काम सम्पन्न भई अनुगमन भैसकेका योजनाहरुको भुक्तानीको प्रकृया तत्काल अगाडी बढाउने कार्यमा सम्वन्धित वडाले थप तदारुकता लिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले मिति २०७५/१०/११ मा गरेको शिक्षक दरवन्दी मिलान अनुसार पदस्थापन गरिएका शिक्षकहरुको दोस्रो चौमासिक तलव भत्ता पदस्थापन गरिएकै विद्यालयमा निकासा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथी छलफल गर्दा मिति २०७५/०९/०९ को पर्यटन गुरुयोजना प्रारम्भिक प्रतिवेदनको प्रस्तुतीका क्रममा दिईएका सुझाव अनुसार सो DPR को अन्तिम प्रतिवेदन तयार गरिएको हुँदा उक्त गुरुयोजनाको भुक्तानी दिने निर्णय गरियो ।